# नाम्खा गाउँपालिका

ཨཱ།། ནམ་མཁའ་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་སྲུང་ཁང་།།

Namkha Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

याल्बाङ,हुम्ला

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०८१।०८२

मिति:२०८१।०४।१४

सू.नं: ०८

## मौजदा सूची दर्ता गर्ने सम्बन्धी सूचना !

यस नाम्खा गाउँपालिकाको कार्यालय याल्वाङ,हुम्लाको आ व २०८१।०८२ लागि आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (शंसोधन सहित) मा भएको कानुनी व्यवस्था वमोजिम तपशिलको काम कार्य गर्न ईच्छुक व्यक्ति,फर्म,सप्लायर्स,संस्था,पसल,परामर्शदाता वा कम्पनीहरुले आफ्नो संस्था वा फर्म दर्ताको प्रमाणपत्र,आर्थिक वर्ष २०८०।०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र,कर चुक्ता प्रमाणपत्र,स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) वमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा व्यवसायी सूची दर्ताका लागि आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

..................

मोहन बहादुर शाही

निमित्त प्रमुख प्रशासकिय अधिकृत

### आपूर्ति गर्नु पर्ने सामानहरु र उपलब्ध सेवाहरु:

**क) खरिद तथा आपूर्तिकर्ता तर्फः**

१. मसलन्द तथा कार्यालय सामानहरु
२. मेसिनरी सामानहरु जस्तै कम्प्यूटर,ल्यापटप,फोटोकपी मेसिन,स्क्यानर,UPS,व्याट्री पावर तथा ईलेक्ट्रोनिक सामानहरु
३. छपाई सम्बन्धि कार्यहरु
४. फर्निचर तथा फर्निसिङका सामाग्रीहरु
५. सवारीसाधनका पार्टपुर्जाहरु
६. सूचना,पत्रपत्रिका,विज्ञापन तथा पुस्तक
७. सेनिटरी,हर्डवयर तथ प्लाम्बिङका सामानहरु
८. सञ्चार साधनका पार्टपुर्जाहरु
९. मोटरसाइकल , गाडी तथा सवारी साधन डोजर , भ्याकुलोडर
१०. स्वास्थ्य,पशु सम्बन्धी औषधी तथा सो संग सम्बन्धीत सामाग्रीहरु
११. कृषि सम्बन्धि विउ तथा सामाग्रीहरु
१२. शैक्षिक सामाग्री तथा अन्य आवश्यक सामाग्रीहरु
१३. मेसिनरी,औजार तथा सामाग्री

**ख) मर्मत तर्फः**

१. सवारी साधनहरु
२. मेसिनरी सामानहरु
३. भवन तथा भौतिक संरचना,रंगरोगन,पार्टसन आदि

**ग) सेवा तथा परापर्शदाता तर्फः**

१. कम्प्यूटर नेटवर्क,ईन्टरनेट सेवा सम्बन्धी कार्य
२. सप्टवयर,हार्डवयर
३. सेवा तथा परामर्श
४. अध्ययन,अनुसन्धान तथा तहकिकात आदि

✆०८७-६८०२८०, अडियो नोटिस बोर्ड :१६१८०८७६८०२८०

वेबसाईट : www.namkhamun.gov.np, ✉ info@namkhamun.gov.np

CamScanner